# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, वैशाख ७ गते २०४४ साल (संख्या १

## भाग ४

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

खण्ड २५ मिति २०३२।६।८ अतिरिक्ताङ्क ४३+(क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस सचिवालयको मर्यादाक्रमसम्बन्धी सूचनाको क्रमसंख्या ७९ पछि क्रमसंख्या ७९ क थपी उक्त क्रममा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका उपकुलपतिलाई र क्रमसंख्या ९८ पछि क्रमसंख्या ९८ क थपी उक्त क्रममा राष्ट्रिय जनसंख्या आयोगका उपाध्यक्षलाई राख्ने श्री ५ को सरकारको निर्णय भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४३।१०।११ को निर्णय अनुसार श्री त्रिनेत्रमान प्रधानाङ्गले नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूह, पदसंकेत उ। खा। भू।०७।७५ रा. प. तृतीय श्रेणीको खानी तथा भूगर्भ विभागको केमिष्ट पदबाट मिति २०४३। ८।१५ देखि लागू हुने गरी दिनुभएको राजिनामा स्वीकृत गरेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।